**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २३ गते सोमबार ❑ 8 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## स्वास्थ्य बिमा नेपालको स्वास्थ्य सेवाको कोसेढुंगा: अध्यक्ष थापा

**पोखरापत्र संवाददाता**
गण्डकी, २२ भाद्र

स्वास्थ्य बिमा बोर्डका अध्यक्ष चन्द्रबहादुर थापाले स्वास्थ्य बिमा नेपालको स्वास्थ्य सेवाको कोसेढुङ्गा बन्ने बताउनुभएको छ।

स्वास्थ्य बिमा बोर्डद्वारा आइतबार पोखरामा आयोजित दर्ता अधिकारीहरूका लागि पुनःताजगी तालिम तथा स्वास्थ्य बिमाको गण्डकी प्रदेशस्तरीय वार्षिक समीक्षा कार्यक्रममा अध्यक्ष थापाले आम सर्वसाधारणको स्वास्थ्य सेवामा सहज पहुँचकै लक्ष्यका साथ यो कार्यक्रम अघि बढेको बताउनुभयो। स्वास्थ्य बिमालाई व्यवस्थित एवम् प्रभावकारी बनाउनका लागि नीतिगत रूपमा नै विभिन्न व्यवस्था गर्दै बोर्ड अघि बढेको उहाँले बताउनुभयो। सबै स्थानीय तहमा प्रथम सेवा विन्दु पुऱ्याउने लक्ष्यका साथ बोर्ड अघि बढेको जिकिर गर्दै अध्यक्ष थापाले बिमित भइसकेको तीन महिनापछि मात्रै सेवा पाउने अवस्थाको अन्त्य गर्दै एक महिनापछि नै सेवा पाउने गरी व्यवस्था गरिएको बताउनुभयो।

बोर्डका कार्यकारी निर्देशक डा रघुराज काफ्लेले सरकारको पहिलो प्राथमिकताको कार्यक्रमका रूपमा स्वास्थ्य बिमा रहेको बताउनुभयो। विश्वका १५० जति मुलुकमा स्वास्थ्य बिमाको कार्यक्रम सञ्चालनमा रहेको उल्लेख गर्दै उहाँले नेपालमा यो कार्यक्रम सुरु भएको १० वर्षे अवधिमा राम्रो उपलब्धि हासिल भएको बताउनुभयो। विद्यमान जटिलता, समस्याको समाधान गर्दै केही वर्षमा नै यसलाई थप व्यवस्थित एवम् प्रभावकारी बनाउँदै राष्ट्रिय गौरवको कार्यक्रमका रूपमा यसलाई अघि बढाइने उहाँले बताउनुभयो। स्वास्थ्य बिमा बोर्डका सदस्य रामकुमार पोमु लिम्बूले बोर्ड स्थापनाको थोरै समयावधिमा धेरै काम भएका जिकिर गर्नुभयो। स्वास्थ्य बिमा बोर्ड गण्डकी प्रदेशका संयोजक जीवलाल खरेलले गण्डकीमा बिमाप्रतिको आकर्षण बढ्दो अवस्थामा रहेको जानकारी दिनुभयो। गण्डकीमा कुल बिमितको सङ्ख्या १२ लाख ९४ हजार ५०६ जना रहेको उहाँले बताउनुभयो। कार्यक्रममा नेपाल पत्रकार महासङ्घ गण्डकीका अध्यक्ष रमेश पौडेल, बोर्डका लेखा उपसचिव पदमप्रसाद पौडेल, प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख रामबहादुर नेपाली, डा सलोजा पोखरेल, स्वास्थ्य बिमा बोर्ड गण्डकी प्रदेश समन्वय समितिका सदस्यसचिव डा रमेश केसी, गण्डकी मेडिकल कलेजका डा टुमाया घले, रुपा गाउँपालिका उपाध्यक्ष लालसुब्बा गुरुङ, पोखरा महानगरपालिकाका प्रवक्ता मोतिलाल तिमल्सिनालगायतले स्वास्थ्य बिमाको सेवालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

## माओवादीप्रति जनताको आशा, भरोसा र साथ छ: अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
लमजुङ, २२ भाद्र

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पछिल्लो समय माओवादीप्रति जनताको आशा, भरोसा र साथ रहेको बताउनुभएको छ।

मध्यपहाडी लोकमार्ग अभियानअन्तगर्त आज लमजुङको सुन्दरबजार नगरपालिका-९ स्थित भौँटेओडारमा आयोजित सभामा आफू सरकारको नेतृत्वमा रहेका बेला देश र जनताको पक्षमा काम गरेकाले अहिले पनि जनताको आशा, भरोसासहित साथ रहेको धारणा राख्नुभयो। आफ्नो पार्टी अहिले सरकारबाहिर रहे पनि जनता केन्द्रित भएर काम गरिरहेको उल्लेख गर्नुभयो। अन्य पार्टीका नेतृत्वले माओवादी अल्पमतमा पुगेको भन्नेमा कुनै सत्यता नभएको बताउँदै अध्यक्ष दाहालले पार्टीले गरेका सकारात्मक कामको मूल्याङ्कन गर्दै पार्टीप्रति जनताको साथ रहेको बताउनुभयो। उहाँले आगामी निर्वाचनमा माओवादी केन्द्र मुलुकको ठूलो दल बन्ने विश्वास व्यक्त गर्नुभयो।

अध्यक्ष दाहालले माओवादी नेतृत्वको पहिलो सरकारका बेला मध्यपहाडी लोकमार्ग, हुलाकी मार्ग, उत्तर-दक्षिण करिडोर निर्माण, गरिब किसानका लागि रु ३० हजारसम्मको ऋण मिनाहालगायत काम गरेको स्मरण गर्नुभयो। उहाँले भन्नुभयो, "दोस्रो कार्यकालमा संविधान निर्माणदेखि लोडसेडिङ अन्त्य गर्दै अन्य मुलुकलाई बिक्री गरेर देशलाई आर्थिक विकास गरेका थियौं।" तेस्रो कार्यकालमा जलवायु न्यायको मुद्दा अन्तरराष्ट्रियस्तरमा उठाउने, भारत र बङ्गलादेशसँग विद्युत् व्यापार सम्झौता गर्ने, चीनसँग १४ नाका खोल्ने, सुशासनको अभियान सञ्चालन गर्नेलगायत काम भएका अध्यक्ष दाहालले दाबी गर्नुभयो। पार्टीले जनताका पक्षमा प्रशस्त काम गरे पनि प्रचारप्रसार नगर्दा जनतासम्म पुग्न नसकेको उहाँको भनाइ छ।

यो अभियानले जनतालाई सत्य/तथ्य बुझ्न र भविष्यमा सही बाटो देखाउन सहयोग पुऱ्याउने अध्यक्ष दाहालले विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा अध्यक्ष दाहालसहित वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष कृष्णबहादुर महरा, नन्दकिशोर पुन, अग्निप्रसाद सापकोटा, महासचिव देवप्रसाद गुरुङलगायत नेताहरूको सहभागिता थियो।

## मानव बेचबिखनविरुद्ध शून्य सहनशीलता : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भाद्र

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले मानव बेचबिखन नेपालको लागि गम्भीर समस्या भएको र यसविरुद्ध सरकारले शून्य सहनशीलताको नीति अख्तियार गरेको बताएका छन्।

'तीनै तहका सरकार मिली गरौं हातेमालो, मानव बेचबिखन विरुद्धको हटाऔं दुष्चक्रको जालो' भन्ने मूल नारासहित गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको आयोजना र पोखरा उद्योग वाणिज्य संघको समन्वयमा आइतबार पोखरामा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री थापाले मानव बेचबिखनविरुद्ध सामूहिक अभियान आवश्यक रहेको धारणा राखे। उनले गरिबी, बेरोजगारी, अशिक्षा, लैङ्गिक विभेद र घरेलु हिंसा जस्ता कारणहरूले नेपालमा मानव ओसारपसार बढेको उल्लेख गर्दै विशेषगरी महिला, बालबालिका र सिमान्तकृत समुदाय बढी जोखिममा पर्ने बताए। "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ र अन्तर्राष्ट्रिय कानुनको पालना गर्दै प्रदेश सरकारले विभिन्न अभियान सञ्चालन गर्दै आएको



छ," उनले भने। मन्त्री थापाका अनुसार हिंसामा परेका महिला तथा बालबालिकाका लागि अल्पकालीन तथा दीर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालन, जनचेतनामूलक अभियान, प्रविधिको प्रयोग, सीमामा निगरानी प्रणाली लगायतका कार्यक्रमहरू अघि सारिएका छन्। तर स्रोत-साधनको अभाव, अन्तरदेशीय सीमा नियन्त्रणको कठिनाइ, अपराधीक गिरोहहरूको सञ्जाल, पीडितको पहिचान र पुनःस्थापनामा देखिने समस्या अझै चुनौतीको रूपमा रहेको उनले उल्लेख गरे। जिल्ला प्रहरी कार्यालय कास्कीकी प्रहरी निरीक्षक सरला ढकालले प्रस्तुत गरेको विवरण अनुसार पोखराका ११ वटा डान्सबारमा गरिएको अनुगमनमा भड्किलो पोशाकको प्रयोग देखिएको छ। पछिल्लो समयमा यौन शोषणका घटना बढ्दो क्रममा रहेको उनले बताइन्। उनका अनुसार कास्कीमा हालसम्म मानव बेचबिखनसम्बन्धी १२३४ मुद्दा दर्ता भइसकेका छन् भने औसतमा दैनिक पाँचवटा मुद्दा दर्ता हुने गरेको छ। मन्त्रालयकी सामाजिक विकास महाशाखा प्रमुख मुना अधिकारीले हिंसापीडित प्रभावितहरूको लागि तत्काल उद्धार समन्वय सञ्जाल गठन, बालिका तथा समावेशी शिक्षा सञ्जाल परिचालन, सचेतनामूलक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन, आपतकालीन उद्धार कार्यक्रमलाई ११ वटै जिल्लामा लैङ्गिक हिंसा विरुद्ध निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको जानकारी दिइन्। "गण्डकी प्रदेशमा ८ जिल्लामा अल्पकालीन सेवा केन्द्र र प्रदेशस्तरीय दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनमा छन्। साथै औद्योगिक प्रशिक्षार्थी, सीपमूलक तालिम, सिक्दै-कमाउँदै रमाउँदै कार्यक्रम तथा सामूहिक उद्यमशीलता प्रवर्द्धन गरिएका छन्।", उनले भनिन्। शान्तिका लागि नागरिक समाज सञ्जालका संयोजक बिना सिलवालले ड्रग र यौन व्यवसायबीचको सम्बन्ध औंल्याउँदै शिक्षा व्यवस्थापनमार्फत यौन नियन्त्रण आवश्यक भएको बताए। उनका अनुसार ९० प्रतिशत यौनजन्य दुर्व्यवहार घरभित्रै हुने भएकाले सुरुवातमै जोगाउनेतर्फ ध्यान दिन जरुरी छ। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले समाजमा नैतिकता र संस्कार सिकाउनुपर्नेमा जोड दिए। "मानव बेचबिखन नियन्त्रणका लागि कानुनी व्यवस्था मात्र होइन, सामाजिक मूल्य-मान्यतालाई बलियो बनाउनुपर्छ," उनले भने। कार्यक्रममा सहभागी वक्ताहरूले मानव बेचबिखन नियन्त्रणका लागि सरकारी, गैरसरकारी, उद्योग वाणिज्य क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय संघसंस्थाबीच सहकार्य आवश्यक रहेको बताएका छन्। समुदायस्तरमा जनचेतना अभिवृद्धि, सुरक्षाकर्मीको भूमिका सुदृढीकरण र स्थानीय सरकारसँगको सहकार्यले मात्र यस समस्यालाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सकिने भनाई उनीहरुको छ। मन्त्रालयका निमित्त सचिव प्रकाश ढुंगानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश सरकारका अधिकारी, सुरक्षाकर्मी, नागरिक समाजका प्रतिनिधि, निजी क्षेत्र र सञ्चारकर्मीहरूको समेत सहभागिता रहेको थियो।

## 'नेपालमा बिचौलिया पुँजीवाद हाबी भयो'

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ भाद्र

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उप-महासचिव तथा पूर्वअर्थमन्त्री वर्षमान पुनले नेपालमा पुँजीवादी समाजवादको सट्टा बिचौलिया पुँजीवाद हाबी भएको बताउनुभएको छ।

नेपाल राष्ट्रिय उद्योगव्यापारसङ्गठनबागलुङको आयोजनामा आइतबार यहाँ भएको 'नेपाली विशेषताको समाजवाद र वैकल्पिक अर्थतन्त्र' विषयक विचार गोष्ठीमा उहाँले समाजवादी अर्थतन्त्र हाम्रो लक्ष्य भए पनि बिचौलिया अर्थतन्त्रमा पुगिएको बताउनुभयो।




नेता पुनले खुला प्रतिस्पर्धात्मक अर्थ व्यवस्थामा एकाधिकार बढेपछि नियामक निकायको जन्म र अर्थतन्त्रमा दलाल प्रवृत्ति हाबी भएको बताउनुभयो। "बिचौलियाले नै पार्टी खोलेर देश चलाउने अडान लिन थालेका छन्, उनीहरू सरकार बनाउँछौं, प्रधानमन्त्री बनेर देश चलाउँछौं भनिरहेका छन्", उहाँले भन्नुभयो, "उदारवाद अर्थतन्त्रपछि पुँजीवादी अर्थतन्त्र हुँदै बिचौलिया पुँजीवादी आएको छ, हामीले चाहेको पुँजीवादी समाजवाद हो।"नेता पुनले यो सबै अवस्थालाई ध्यानमा राखेर परिवर्तनकारी राजनीतिक शक्तिले आफूलाई परिमार्जन गर्दै अगाडि बढ्नुको विकल्प नरहेको धारणा राख्नुभयो।

## 'सापू'को जोखिम बढ्यो

**पोखरापत्र संवाददाता**
गण्डकी, २२ भाद्र

पोखरास्थित हिमालय आँखा अस्पतालमा 'सिजनल हाइपर एक्युट प्यानयुभाइटिस' (सापू) रोगका चार बिरामी उपचाररत छन्। उनीहरू पछिल्लो एक सातामा अस्पताल भर्ना भएका हुन्।

आँखामा गम्भीर असर पुगेका तीन जनाको शल्यक्रिया गरिएको अस्पतालका स्वास्थ्य निर्देशक डा बबिता गुरुङले जानकारी दिनुभयो। एक बिरामी सामान्य उपचारपछि निको हुने क्रममा रहेको उहाँले बताउनुभयो।

"सापू रोगको जोखिम बढेको छ, गत सातायता दैनिक जसो सापूका बिरामी अस्पताल आउन थालेका छन्", डा गुरुङले भन्नुभयो, "वर्षापछिको मौसममा सापूको सङ्क्रमण फैलने हुँदा विशेष सावधानी अपनाउनुपर्छ।" असोजदेखि मङ्सिरसम्म सापूको सङ्क्रमण बढ्ने जोखिम उच्च रहने भएकाले आगामी दिनमा सङ्क्रमण दर बढ्दै जाने उहाँले बताउनुभयो। पहिलोपटक सन् १९७५ मा पोखराको नारायणटारमा सापू रोग भेटिएको थियो। नेत्ररोग विशेषज्ञ डा मदन उपाध्यायले यो रोग पत्ता लगाउनुभएको थियो। पोखरा र आसपासका क्षेत्रमा यो रोगको सङ्क्रमण बढी देखिने गरेको डा गुरुङले बताउनुभयो। "दुई वर्षको अन्तरमा यो रोग देखिने गरेको छ, सन् २०२३ पछि अहिले आएर सङ्क्रमण पुष्टि भएको हो", उहाँले भन्नुभयो, "सन् २०२१ मा पनि धेरै जनामा यो रोग देखिएको थियो।"

बत्तीमा झुम्मिने कालो धर्सा भएको सेतो पुतलीको सम्पर्कबाट सापू रोग लाग्ने गरेको डा गुरुङले बताउनुभयो। "सापू रोगको सङ्क्रमण भएको २४ घण्टाभित्र उपचार नभए आँखाको दृष्टि नै गुम्न सक्छ, लक्षण देखिएमा जतिसक्दो चाँडो उपचार सुरु गर्नुपर्छ", उहाँले भन्नुभयो, "यो रोग लाग्दा धेरै दुःखाइ नहुने र आँखा रातो मात्र हुने गर्छ, यसले एउटा मात्र आँखामा असर गर्छ।" सापू रोग लाग्नुको यकिन कारण अझै पत्ता नलागेको उल्लेख गर्दै

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पर्वतीय दौडलाई भव्य रूपमा सफल पार्न पर्यटन व्यवसायीले सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भाद्र

विश्व पर्यटन दिवसको अवसरमा आयोजना हुने दोस्रो पुम्दीभुम्दी पर्वतीय दौड प्रतियोगितालाई भव्य रूपमा सम्पन्न गर्न पर्यटन व्यवसायीहरूले प्रभावकारी ढंगले सहयोग गर्ने बताउनु भएको छ।



पोखरा प्रबर्द्धन केन्द्र र पोखरा क्लिकको आयोजनामा यही असोज ४ गते पोखरामा आयोजना हुन लागेको प्रतियोगिताबारे शनिवार पोखरामा आयोजित छलफल कार्यक्रममा पर्यटन व्यवसायीहरूले प्रभावकारी ढंगबाट सहयोग गर्ने वचन दिनुभएको हो । प्रतियोगिता संयोजक दीननाथ बरालको अध्यक्षतामा बसेको छलफल कार्यक्रममा व्यवसायीहरूले सरकारले हाल फेसबुकसहितका सामाजिक सञ्जाललाई निष्कृय पारेकाले सञ्चालनमा रहेका भाइभर र टिकटकलाई प्रचार सामाग्रीकारूपमा अघि बढाउन सुझाव दिए । कार्यक्रममा बोल्दै बक्सिङका पदकधारी खेलाडी एवं अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले पर्वतीय दौड प्रतियोगिताले पोखरा क्षेत्रको खेल पर्यटनलाई महत्व दिएको हुँदा उक्त प्रतियोगितालाई सफल पार्न निजी क्षेत्रसहित स्थानीय सरकारले आवश्यक सहयोग गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो " खुला र उमेर समूहसहित छ इभेन्टमा हुने प्रतियोगितालाई सफल पार्नु हाम्रो पनि जिम्मेवारी हो किनकि, विश्व पर्यटनको अवसरमा आयोजना हुने प्रतियोगिताले पोखरा क्षेत्रको खेल पर्यटनसँगै अर्थतन्त्रमासमेत थप टेवा पुग्ने हामीले विश्वास लिएका छौं।"

पोखरा भ्रमण वर्ष २०२५ का संयोजक गोपीबहादुर भट्टराईले यस्ता प्रतियोगिता र विभिन्न अभियानहरूलाई सफल पार्न हाल सञ्चालनमा आएका सञ्जालमा जोडिएर आवश्यक प्रचारप्रसार गर्न सुझाव दिनुभयो।

सरकारले फेसबुकसहित २६ वटा सामाजिक सञ्जाललाई निष्कृय पार्दा पर्यटनसहित धेरै क्षेत्र प्रभावित भएको गुनासो गर्नुभयो। साथै उहाँले प्रतियोगितालाई सफल पार्न पोखरा भ्रमण वर्षबाट न्यूनतम ३० देखि ५० हजार सहयोग गर्ने र व्यक्तिगत १० हजार सहयोग गर्ने घोषणा गर्नुभयो। टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले पोखरा नेचर, कल्चर र एडभेन्चरको सहर पोखरामा यस्ता गतिविधि निरन्तर सञ्चालन गर्नुपर्ने सुझाव दिनुभयो । प्रतियोगितामा विदेशी तथा स्वदेशी खेलाडीहरू सहभागी गराउनका लागि कटिबद्ध रहेको बताउनुभयो। होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले प्रतियोगितामा जति सक्दो धेरै धावकहरू सहभागी गराउन आफूहरू पनि होस्टेमा हैसे गर्ने वचन दिनुभयो। उहाँले भन्नुभयो "विश्व पर्यटन दिवसको अवसरमा आयोजना हुने यो वर्षको पहिलो कार्यक्रम हो, यसलाई सफल पार्नु तपाईं हामी सबैको जिम्मेवारी हो, तपाईहरूलाई आवश्यक पर्ने रूमसहितका अन्य प्राविधिक कुनै पनि सहयोग गर्न हामी तत्पर छौं ।" पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा क्षेत्रमा हुने साहसिक खेल गतिविधिको विश्व बजारमा व्यापक प्रचारप्रसार गर्न आवश्यक भएको बताउनुभयो । पर्वतीय दौड प्रतियोगितालाई सफल पार्न आवश्यक पर्ने भौतिक तथा नैतिक सहयोगमा आफूहरू तयार रहेको उहाँले बताउनुभयो।

खेल पर्यटन प्रबर्द्धन गर्न आयोजना हुने उक्त प्रतियोगिताले सिंगो पोखरा क्षेत्रको पर्यटन प्रवर्द्धन हुने केन्द्रका उपाध्यक्ष असफल गौतमले बताउनु भयो । यही भदौं २५ गतेसम्म उक्त प्रतियोगितामा सहभागि हुनेहरूले पोखरा क्लिक डटकममा गएर फारम भर्न सक्ने समय सीमा रहेको संयोजक बरालले जानकारी दिनुभयो । प्रतियोगिता सफल पार्न विश्व शान्ति स्तुपः समिति, पुम्दीकोट कोट विकास समिति, कालाबाङ घरेडी बुद्धपार्क समिति, गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, पोखरा लेकसाइडको मजेष्टिक लेक फ्रण्ट होटल एण्ड सुइट्स, हिमश्री फुड्स प्रा.लि./केसी ग्रुप, होटल बाराही, सिटिजन्स फर्निचर, पोखरा पर्यटन परिषद्, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, टान गण्डकी, अटोवेज प्रा.लि., पोखरा महानगरपालिका २२ को वडा युवा परिषद्, पोखरा भ्रमण वर्ष २०२५, परिचय एड्भरटाइजिङ, होटल संघ पोखरा नेपाल, ईजि ग्रुप, अन्नपूर्ण केवलकार लगायतको सहयोग रहेको छ। प्रतियोगितालाई नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रवर्द्धन गरेका छन्। प्रदेश खेलकुद परिषद् गण्डकीको समन्वय र पोखरा महानगरपालिका २२ को सहकार्य रहेको प्रतियोगिताको मेडिकल पार्टनरमा नेलम्बो नेपाल, हस्पिटल पार्टनरमा नमस्ते हस्पिटल, अफिसियल टेलिभिजनमा सिटीवान टेलिभिजन, अफिसियल रेडियोमा रेडियो सफलता जोडिएको छ । आधिकारिक ड्रिङ्किङ वाटरका रूपमा ग्लेज नेचुरल स्प्रिङ वाटरले साथ दिएको छ । प्रतियोगिताको खुलातर्फको प्रथम पुरस्कार अन्तर्राष्ट्रिय ख्यातिप्राप्त खेलाडी लेफ्टिनेन्ट कुसाङ गुरुङले प्रायोजन गर्नुभएको छ भने नेलम्बो नेपालले तेस्रो पुरस्कार प्रायोजन गरेको छ । सहारा क्लबले १६ वर्ष मुनीका खेलाडीहरूको विधामा बिजेताको पुरस्कार १५ हजार सहयोग गर्ने क्लबका अध्यक्ष केशवराज बरालले जनाउनु भएको छ। सिटिजन्स फर्निचरले पर्यटक दौडको प्रोत्साहन पुरस्कार प्रायोजन गर्ने सञ्चालक दीपक कार्कीले बचतबद्धता गर्नुभएको छ । प्रतियोगिता भव्य र सभ्य रूपमा सम्पन्न गर्न करिब १६ लाख ९१ हजार रूपैयाँ खर्च हुने भएको पोखरा क्लिकका व्यवस्थापक सागर सुनारले जानकारी दिनुभयो।

# काठमाडौंका महर्जन आर्म रेष्लिङ च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भाद्र

काठमाडौंका रोमन महर्जन पोखरामा आयोजित सर्वाधिक पुरस्कार राशीको आर्म रेष्लिङ च्याम्पियन बन्नुभएको छ । ओभरअल प्रतिस्पर्धामा समेत च्याम्पियन बन्दै उहाँले नगद १ लाख रुपैयाँ प्राप्त गर्नुभयो । उहाँले आफनो ८० केजी तौल समूहमा समेत प्रथम हुदैं नगद ५० हजार जित्न सफल हुनुभएको थियो।

कास्की जिल्ला आर्म रेष्लिङ संघको आयोजनामा सञ्चालित प्रतियोगिताको ६० केजी तौल मुनिको प्रतिस्पर्धामा भक्तपुरका सुमन नापित प्रथम, काठमाडौंका सिदार्थ श्रेष्ठ दोस्रो र काठमाडौंकै सुदिप तामाङ तेस्रो भए। उहाँले क्रमश ५०, २५ र १० हजार नग प्राप्त गर्नुभएको थियो।

७० केजी मुनिको तौल प्रतिस्पर्धामा तरुण विक प्रथम हुनुभएको छ । धरानका आर्म रेष्लर ग्रेसविन प्रधान दोस्रो र काठमाडौंका एड्रिम राई तेस्रोस्थान प्राप्त गर्नुभयो । ८० केजी मुनिको तौल प्रतिस्पर्धामा काठमाडौंका रोमन महर्जन, काठमाडौंकै समिक प्रधान र बुटवलका आर्यन विकले क्रमश प्रथम, दोस्रो र तेस्रो स्थान हासिल गर्नुभएको थियो।

८० केजी माथिको तौल समूहको प्रतिस्पर्धामा झापाका सौरभ प्रधानले प्रथमस्थान प्राप्त गर्नुभयो । विराटनगरका राहुल यादव र झापाकै दिपेश मैनालीले तेस्रो स्थान प्राप्त गर्न सफल हुनुभयो । आर्म रेष्लिङ संघ कास्कीको आयोजनामा पहिलो पटक भएको यो प्रतियोगितामा देशभरका झण्डै २ सय आर्म रेष्लरले विभिन्न तौल समूहमा प्रतिस्पर्धा गर्नुभएको थियो।

कुनै बेला पन्जा लडाई भनेर खेलिने यो खेल अहिले व्यवसायिक बन्दै गएको छ।। विदेशमा निकै प्रख्यात छ। युवा पुस्तामा आर्म रेष्लिङ खेल प्रति अभिरुची बढ्दै गएको छ यद्यपी पोखरामा भने पहिलो पटक आयोजनाको अन्तिम तयारीमा संघ जुटेको छ। संघ नै गठन गरेर सर्वाधिक पुरस्कार राशीको यो प्रतियोगिताले युवा पुस्तालाई नयाँ खेलप्रति उत्साहित र जागरुक बनाएको संघका अध्यक्ष नविन गुरुङले बताउनुभयो । प्रत्येक तौल समूहको विजेताले नगद ५० हजार, दोस्रोलाई २५ हजार र तेस्रोलाई नगद १० हजार रुपैयाँ प्रदान गरिएको थियो।

संघका अध्यक्षा गुरुङले प्रतियोगिता सहभागि खेलाडीले एक पटक हारेपनि अर्को अवसर प्राप्त गर्ने छ। दोस्रो पटक पनि हारेमा स्वतह प्रतियोगिताबाट बाहिरिने नियम थियो। एकपटक हारेको खेलाडीले दोस्रो अवसरमा जित्दै फाईनल पुग्न सक्छ। एकपटक हारेर फाईनल पुगेको खेलाडीले अर्को प्रतिस्पर्धीलाई फाईनलमा दुईपटक हराउनुपर्ने नियम संघले राखेको थियो। प्रतियोगिताको उदघाटन गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले गर्नुभएको थियो भने पुरस्कार वितरण गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य एवं संघका सल्लाहकार भेनिस थापाले गर्नुभएको थियो।

# नाट्टाले गण्डकीले गऱ्यो लुम्बिनीको भैरहवामा पर्यटन प्रवर्द्धनात्मक अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भाद्र

कोभिडले थला परेको पर्यटन व्यवसायले विस्तारै गति लिन थालेसँगै व्यवसायलाई थप चलायमान बनाउन यहाँका पर्यटन व्यवसायी अन्तर प्रदेशस्तरीय पर्यटन प्रवर्द्धनमा जुटेका छन्।

यसैको प्रयासस्वरुप नेपाल पर्यटन बोर्ड गण्डकीको प्रवर्द्धन एवं नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभलूस एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेशको आयोजनामा लुम्बिनी प्रदेशको भैरहवामा अन्तर प्रदेशस्तरीय पर्यटन प्रवर्द्धन एवं अन्तरक्रिया कार्यक्रम गरेको छ । संस्थाका अध्यक्ष किशोर दाहालको नेतृत्वमा चारदिने पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम लिएर नेपालगन्ज हुँदै लुम्बिनीको भैरहवा पुगेको हो । नाट्टा गण्डकीद्धारा शनिबार भैरहवामा आयोजित अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै लुम्बिनी प्रदेश पर्यटन परिषद् का प्रमुख कार्याकारी अधिकृत रामु जोशीले गौतम बुद्धको जन्मभूमि लुम्बिनी र पर्यटकीय क्षेत्र पोखराका पर्यटन व्यवसायीबीचको समन्वयमा स्वदेशी तथा विदेशी पर्यटक धेरैभन्दा धेरै भित्र्याउन सकिने बताउनुभयो । भैरहवा नाकाबाट मात्र वार्षिक एक लाखको संख्यामा भारतीय धार्मिक पर्यटक नेपाल छिर्ने गरेका र ती अधिकाशंको मग्तव्य पोखराहुँदै मुक्तिनाथ दर्शन गर्न जाने तथ्याङले देखाएको जानकारी दिँदै पोखरेली पर्यटन व्यवसायीले भारतमा समेत पुगेर पोखराको पर्यटन प्रवर्द्धन गर्न आवश्यक देखिएको बताउनुभयो।

पोखराका पर्यटन व्यवसायीले पोखरामा आउने पर्यटकलाई लुम्बिनीका पर्यटकीय गन्तन्यका बारेमा प्रचार र लुम्बिनीका व्यवसायीले पोखराका पर्यटकीय गन्तव्यको प्रचार गर्न सक्यौ भने पर्यटकको वसाई थप लम्ब्याउनुको साथै सख्या समेत वढ्ने विश्वास व्यक्त गर्नभयो। उहाँले पर्यटकलाई स्वतन्त्ररुपमा आफ्ना गतिविधि गर्न दिने वातावरण सरकारले बनाउनुपर्नेमा पनि उहाँको जोड छ । पर्यटन डिभिजन कार्यालय रुपन्देहीका प्रमुख नेत्रप्रसाद भुसालले भारतीय पर्यटकलाई सीमा नाकाबाट आउन सजिलो बनाउन केन्द्र सरकारले ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । सरकार र पर्यटन व्यवसायीबीचको समन्वयमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम लिएर अगाडि वढ्न पर्ने भनाइ उहाँको छ । भैरहवा विमानस्थल कार्यालयका प्रमुख प्रतावबाबु तिवारीले पर्यटन प्रवर्द्धनमा टुर्स एण्ड ट्राभल कम्पनीको महत्व धेरै हुने भएकाले भारतसँगको कनेक्टिभिटी र पर्यटन गन्तव्यको प्रचारप्रसार गर्ने कार्यमा यी कम्पनी जागरुक हुन पर्नेमा जोड दिनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख मणिराज लामिछानेले दुई पर्यटकीय प्रदेशको पर्यटन प्रवर्द्धनमा व्यवसायी र सम्वद्ध संस्थाले जोड दिन सक्यौ भने देशको अर्थतन्त्र र पर्यटन विकासमा सहयोग पुग्ने विश्वास दिलाउनुभयो । साथै उहाँले यहाँ आउने धार्मिक पर्यटकलाई लुम्बिनी र मुक्तिनाथसँग जोडन् पर्नेमा पनि उहाँको जोड थियो।

नाट्टा गण्डकीका निवर्तमान अध्यक्ष हरिराम अधिकारीले देशको अर्थतन्त्र वृद्धि गर्ने मुख्य श्रोत पर्यटन, कृषि र ऊर्जा भएकाले त्यसतर्फ सरकारको ध्यान जान आवश्यक भएको बताउनुभयो । लुम्बिनी र गण्डकी प्रदेश पर्यटकीय क्षेत्र भएकाले प्रदेश सरकारले यी क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा नाट्टा लुम्बिनी प्रदेशका अध्यक्ष चन्द्रवहादुर थापाले लुम्बिनी र गण्डकी प्रदेशको पर्यटन विकासमा सरकारले जुरुन रुपमा ध्यान दिनुपर्ने बताउनुभयो।

उक्त अवसरमा भैरवहवाका पर्यटन व्यवसायी राजीव शाह, सागर अधिकारी, गणेशप्रसाद वेलवासीले आफ्नो भनाइ राख्नुभएको थियो। नाट्टा गण्डकीका प्रथम उपाध्यक्ष संगिता पौडेल, महासचिव चेतन कार्की लगायले पर्यटन विकासका बारेमा बोल्नु भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले गर्नुभएको थियो। नाट्टा गण्डकीका द्धितीय उपाध्यक्ष राजेश पहारीको संयोजनमा निक्केको २० सदस्यीय नाट्टाको टोली चार दिने प्रवर्द्धनात्मक भ्रमणपछि आज पोखरा फर्केको छ।




# सामाजिक सञ्चाल नचल्दा व्यवसायमा मार, निर्णय फिर्ता गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भाद्र

नेपाल सरकारले फेसबुक, ह्वाट्सयप, इन्टाग्रामलगायत सामाजिक सञ्जाल नचल्दा व्यापार व्यवसायदेखि गण्डकी प्रदेशकै पर्यटन क्षेत्रमा ठूलो मार परेको भन्दै गण्डकीका युवा व्यवसायीले निर्णय फिर्ता लिन माग गरेको छ।



अर्थतन्त्र नै प्रभावित परेको र हजारौं नागरिकको रोजीरोटी र दैनिकीमै असर पारेको भन्दै अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासंघ (फिने) गण्डकीले प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मामार्फत निर्णय फिर्ता लिन नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएको हो । महासंघ गण्डकीका अध्यक्ष अमरजंग गुरुङ र महासचिव चिरञ्जीवी गौतमको नेतृत्वको समूहले सिडिओ शर्मामार्फत सरकारलाई तत्काल निर्णय फिर्ता लिन आग्रह गरेको छ । 'सामाजिक सञ्जालमा आधारित सयौं आम्दानीका स्रोतहरु प्रभावमा परेका छन् भने यसले लाखौं मानिसको दैनिकी र रोजगारीमासमेत प्रभाव पारेको छ,' महासंघले सिडिओमार्फत बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'घुम्न आउने पर्यटकहरुले बुकिङ गर्न छाडेका छन् भने बुकिङ गरिरहेकाहरुले पनि रद्ध गर्न थालेका छन् ।' महासंघले विश्वभरि रहेका व्यावसायिक संस्थाहरुबीचको सम्बन्ध, सम्पर्कमै असर पारेको बताएको छ । सामाजिक सञ्जाललाई व्यवस्थित नियमन गर्न आवश्यक कानुन निर्माण गर्ने कुरामा असहमति नभएको तर पर्याप्त कानुनी आधार र कुटनीतिक प्रयासबिना बन्द गर्ने निर्णयप्रति भने असहमति रहेको महासचिव गौतमले बताए। 'नागरिकको अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हकलाई प्रभावित पार्नु कानुनी शासन र लोकतान्त्रिक मूल्यविपरीत रहेको हाम्रो निश्कर्ष छ,' गौतमले भने । नेपालमा सामाजिक सञ्जाल नियमन सम्बन्धी विधेयक संसद्मा विचाराधीन रहिरहेको अवस्थामा सरकारले पुरानो २०६३ सालको कानुनलाई टेकेर बनाएको निर्देशिकाअनुसार बन्द गर्ने निर्णय तत्काल फिर्ता गर्न अध्यक्ष जितुले माग गरे।

'कुटनीतिक पहल गर्दै सामाजिक सञ्जाल नियमनको प्रक्रिया थाल्न अनुरोध छ,' उनले भने, 'देशमा सिर्जित लाखौंको रोजगारी खोस्ने, अर्थतन्त्रलाई नै प्रभावित पार्ने कदमबाट पछि हट्दै व्यवसायी तथा आम नागरिकको पक्षमा निर्णय गर्न माग गर्दै श्रीमान प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउँदछौं।'

फिने गण्डकीका प्रवक्ता कृष्ण आचार्यले पदमार्गमा जाने बल्ल सिजन लाग्दै गर्दा सरकारको निर्णयले धेरै असर गरेको सुनाए । फेसबुकसँगै अधिकतम सम्पर्क र व्यावसायिक कुराकानी ह्वाट्सयपबाट हुने गरेको उनले बताए। अहिले त्यो नै नचलेपछि ब्यापारिक सम्बन्ध नै टुटेको उनले दुखेसो गरे । पर्यटकले सामाजिक सञ्जाल नै नचल्ने तिमीहरुको देशमा किन आउने भन्न थालेको उनले दुखेसो गरे।

# 'सापु' ...

डा गुरुङले बिरामीको रगतबाट वंशाणुगत अध्ययन गर्ने तयारी भइरहेकोबताउनुभयो।अहिलेसम्मको अध्ययनले सेतो पुतलीको रौं र भुस आँखामा पुग्दा सापूको सङ्क्रमण हुने गरेको पाइएको छ। यो रोगबाट जोगिन सेतो पुतलीको सम्पर्कमा नजान, साँझपख बालबालिकालाई बाहिर खेल्न दिन नहुने, रातिमा धेरै उज्यालो बत्ती नबाल्ने, सुत्दा झुल ओढेर सुत्न डा गुरुङको सुझाव छ। सापूको सङ्क्रण भएमा आँखा रातो हुने, उज्यालोमा हेर्न गाह्रो हुने, आँखाको गेडी दुख्ने, दृष्टि क्षमता कमजोर हुनेजस्ता लक्षण देखिन्छन । जटिल अवस्थाका बिरामीलाई सुइ लगाएर शल्यक्रियामार्फत उपचार गर्ने गरिएको डा गुरुङले बताउनुभयो। सापू रोग समुदायमा फैलन नदिन स्वास्थ्य सजगता अपनाउनुपर्ने उहाँको भनाइ छ। सापूका बिरामीको हिमालय आँखा अस्पतालले निःशुल्क जाँच तथा उपचार गर्दै आएको छ । शल्यक्रियासहितका सबै सेवा निःशुल्क रहेको अस्पतालले जनाएको छ । बेलैमा उपचार भएमा सापू निको हुने डा गुरुङले बताउनुभयो। वर्षायाम सकिएपछि नेपालको मध्यपहाडी क्षेत्रमा सापूको सङ्क्रमण फैलने गरेको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस्।
– सास लिभोसन

## सम्पादकीय

# एकात्मक सोचाइमा परिवर्तन नगरी कर्मचारीतन्त्र सुध्रिदैन

निजामती सेवा दिवस प्रभातफेरि लगायत विभिन्न कार्यक्रम गरि मनाइएको छ। निजामती कर्मचारीको यो उत्सव केही औपचारिकता पूरा गरेको छ। अहिलेसम्म यसरी नै मनाइँदै आएको यस दिवसलाई कर्मकाण्डीभन्दा फरक रूपमा मनाउन सकिएको छैन। वास्तवमा यो दिवस साँच्चै कर्मचारीको उत्सव हुनु पर्ने हो।श्रद्धापूर्वक मनाइनु पर्छ। चिनियाँ दार्शनिक कन्फ्युसियसले भनेका थिए, “श्रद्धाबिनाको उत्सव, दुःखबिनाको शोक र हैसियतबिनाको पदवीको केही अर्थ छैन।” यस दिवसमा निजामती सेवाको विगतप्रति गर्व गर्ने, पथप्रदर्शक अग्रजप्रति कृतज्ञता व्यक्त गर्ने, आत्मसमीक्षा गरेर अन्तिम मालिक जनताको मन छुने नयाँ काम गर्ने सङ्कल्प गर्ने दिन बन्न सकेको छैन। आफ्नो कमजोरीका रूपमा स्विकारेर अब सच्चिने प्रण गर्न किन गाह्रो पर्छ ? अहिले उठेको मूल प्रश्न हो।यस्ता दिवस अरू देशमा पनि मनाइन्छ। संयुक्त राष्ट्रसङ्घले जुलाई २३ लाई ‘इन्टरनेसनल पब्लिक सर्भिस डे’ का रूपमा मनाउने गर्छ। विभिन्न देशमा आ आफ्नो विशेष दिनलाई नयाँ नारा र सङ्कल्प गरेर मनाउने गरिएको देखिन्छ। नेपालमा पनि टङ्कप्रसाद आचार्य प्रधानमन्त्री हुँदा पुरानो सामन्ती प्रशासन संयन्त्रलाई आधुनिक प्रशासनमा रूपान्तरण गर्ने र निजामती सेवालाई संस्थागत गर्ने युगान्तकारी काम भएको थियो। उनकै पालामा राणाकालीन सनद र सवालबाट चलेको निजामती सेवालाई व्यवस्थित गर्न ‘निजामती सेवा ऐन, २०१३’ जारी भएको दिनको सम्झनामा यो दिवस २०६१ सालदेखि मनाउन थालिएको हो। यो ऐन जारी हुनुअघि वास्तवमा निजामती सेवा नै थिएन भने पनि हुन्छ। सैनिक नेतृत्वमातहतको ‘सिभ–मिल मोडेल’ को कर्मचारीतन्त्र थियो। त्यसैले टङ्कप्रसाद आचार्यलाई निजामती सेवाको मसिहाका रूपमा लिइन्छ।

यस दिवसमा निजामती सेवाले विगतमा राष्ट्रनिर्माण र राज्यनिर्माणमा पुऱ्याएको योगदान, राजनीतिक सङ्क्रमण र राजनीतिक अस्थिरतामा यस सेवाले सरकार धान्न गरेको ‘अटोपाइलटिङ’ र इतिहासको नाजुक मोडमा खेलेको भूमिकालाई सम्झेर आफ्नो विगतप्रति गौरवबोध गर्नु पर्छ। सात सालको परिवर्तनको सङ्क्रमण व्यवस्थापन र सत्र सालको परिवर्तनपछिको ‘प्रशासनिक राज्य’ मा कर्मचारीले प्रभावकारी काम गरेको देखिन्छ। प्रायः कर्मचारीतन्त्रलाई परिवर्तनविरोधी वर्ग मानिन्छ तर नेपालमा ४६ सालको जनआन्दोलन र २०६२/६३ को दोस्रो जनआन्दोलनमा निजामती कर्मचारी सहयोगी मात्र होइन, आन्दोलनमा नै होमिएका थिए। १२ वर्ष लामो सशस्त्र द्वन्द्वमा राजनीतिक दलहरूको उपस्थिति जिल्ला सदरमुकामबाहिर लगभग शून्य भएको थियो। एउटा भनाइ छ, “जब अन्य संस्था निष्क्रिय वा अस्तित्वहीन हुन्छन् तब नागरिक सेवा उठ्ने गर्दछ।” नेपालमा ठिक यस्तै देखियो। द्वन्द्वको चरम उत्कर्षमा कर्मचारीहरू सैनिक बङ्करमा बसेर पनि सरकारको उपस्थिति गाउँ गाउँसम्म पुऱ्याउन सफल भएका हुन्। यस क्रममा गैरसैनिक भएर पनि दर्जनौँ निजामती कर्मचारीले सहादत प्राप्त गरेका थिए। सेना र प्रहरीले त हजारौँको सङ्ख्यामा सहादत प्राप्त गरेका दुःखद तथ्य हाम्रो सामु छ। सङ्कटमा पुऱ्याएको सेवाका लागि निजामती सेवाले गौरव गर्नु पर्छ तर विगतको कामप्रति गौरवबोध गर्दैमा यो सेवा जनताको प्रिय हुन सक्दैन। भविष्य अझ गौरवपूर्ण बनाउन लागे मात्र जनप्रिय हुन सकिन्छ।

निजामती सेवाले विगतको गौरव सम्झने मात्र होइन, यसका कमजोरीको समीक्षा गर्न आवश्यक छ। निजामती सेवा भनेको सरकारको वितरण संयन्त्र हो र यसबाट नै सरकारका राजनीतिक इच्छा तथा सामाजिक माग सम्बोधन गर्न ल्याइएका नीति कार्यान्वयन हुन्छन्। यो यस्तो संस्था हो, जसले कानुन कार्यान्वयन गरेर समाजलाई व्यवस्थित गर्दछ, नीति र कार्यक्रम लागु गरेर यसले प्रतिज्ञा गरिएका सेवा वितरण गर्दछ, सामाजिक तनाव र द्वन्द्व समाधान गरेर सामाजिक सामञ्जस्यता स्थापित गर्दछ। त्यसैले सरकारको ‘चौथो शाखा’ भन्ने गरिन्छ। सरकार तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका कर्मचारीबेगर सञ्चालन हुँदैनन्। अझ लोकतन्त्रमा त यसका मूल्य वितरण गर्ने नै निजामती सेवाले हो। यति महत्वपूर्ण निजामती सेवा यी भूमिका निर्वाहमा खरो उत्रिएको छ त ? उत्तर नकारात्मक छ। यसले सबभन्दा पहिलो कुरा त जनविश्वास गुमाउँदै छ। इतिहासमा नै अहिले निजामती सेवाको साख गिरेको छ। नागरिकले कर्मचारीलाई भ्रष्ट, कामचोर र सेवाग्राहीलाई सास्ती दिने, जनताप्रति गैरजिम्मेवार, सेवा प्रवाहको राजनीति गर्ने भन्ने गर्छन्। सामान्य नागरिकका लागि राज्य र सरकार भनेको अग्रपङ्क्तिमा काम गर्ने कर्मचारी नै हुन्। त्यहाँ जनताले हैरानी पाए, निष्पक्ष र सहज रूपमा सेवा पाएनन् भने उसले आफ्नो मस्तिष्कमा ‘रिपोर्ट कार्ड’ बनाउँछ। यसबाट सरकारको वैधानिकता गुम्न जाने र राज्यसँगको सम्झौता भङ्ग गर्नेसम्मको स्थिति आउन सक्छ। जनता फेरि सरकारी कार्यालय जान नपरोस् भन्ने गर्दछ।

संविधान, कानुनविपरीत नभएसम्म राजनीतिक नेतृत्वको निर्देशन पालना गर्नु पर्दछ। हाम्रो प्रशासन ‘ह्वाइट हल मोडेल’ को हो। यसमा राजनीतक तटस्थता र निष्पक्षता मूल धर्मका रूपमा लिइन्छ। राजनीतिक भूमिकामा अतिक्रमण गर्न खोज्नु धर्मछाडा प्रवृत्ति हो। अहिले निजामती सेवाका लागि नयाँ चुनौती थपिएका छन्। राज्य सङ्घीयतामा गएको छ तर कर्मचारीको मनस्थिति र सोचाइ अझ पनि एकात्मक शैलीको छ। लोकतन्त्रमा बहुसांस्कृतिक मूल्यलाई सम्मान गर्ने ‘सांस्कृतिक सक्षमता’ भएका कर्मचारी चाहिन्छ तर हाम्रो निजामती सेवा अझ पनि ‘एकल सांस्कृतिक’ छ। नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था संवैधानिक रूपमा नै अवलम्बन गरेको छ। यो भनेको अहिलेसम्म प्रयोग गरिएका राजनीतिक प्रणालीमा उत्कृष्ट मानिन्छ। राजनीतिमा यस्तो फड्को मारेपछि प्रशासन भने पुरानो शैलीको हुन सक्दैन। पहिलेको पञ्चायती व्यवस्थामा जस्तो शासनशैलीमा प्रशासन चलाएको जनताले सहँदैनन्। जनताको सेवकका रूपमा उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा संलग्न हुन सघाउने निजामती सेवा चाहिन्छ। लोकतन्त्रमा हरेक संस्थामा जनताको स्वामित्व हुनु पर्छ। सार्वजनिक प्रशासनका हरेक एकाइमा उनीहरूलाई संरचना र प्रक्रियामा नै संलग्न गराउनु पर्छ। अहिले चर्चामा आएको ‘नयाँ सार्वजनिक शासन’ को अवधारणामा सेवाग्राहीलाई नै सेवाको ढाँचा निर्माण र वितरण (डिजाइन एन्ड डेलिभरी) मा संलग्न गराउने ‘सहउत्पादन’ गर्न थालिएको छ। यसलाई हाम्रो समाज अनुरूप निजामती सेवाले क्रमशः लागु गर्न तयारी थाल्नु पर्दछ। सामुदायिक प्रहरीमा अभ्यास गरिसकेकाले अन्य क्षेत्रमा लागु गर्न नसकिने भन्ने छैन। त्यस्तै अन्य देशमा कर्मचारीले ‘मध्यवर्ती भूमिका (बफर रोल)’ को काम पनि गर्न थालेको देखिन्छ। यो भनेको जनताको आवाज नीति निर्माण तहमा पुऱ्याउने र नीति निर्माण तहको कुरा जनतासम्म पुऱ्याउने हो। यसका लागि संस्था लोकप्रिय हुनु पर्छ। विकसित देशमा लागु गरिएका वा आविष्कार भएका अवधारणा हाम्रो सन्दर्भमा हुबहु लागु हुन्छन् भन्ने होइन। त्यसबाट सिकेर आफ्नोमा लागु गर्न सकिनेसम्म प्रयास गर्ने हो। चुनौतीको चक्रव्यूहमा फसेको कर्मचारीतन्त्रलाई चुस्त र चलायमान बनाउने काम निजामती सेवाका नेतृत्वमा रहनेको हो। कमीकमजोरीको आत्मसमीक्षा गरेर जनताको विश्वास आर्जन गर्ने रणनीति तय गरेर अगाडि बढ्ने अठोट गरे मात्र निजामती दिवस मनाएको सार्थक हुनेछ।

# हेभी इक्युपमेन्ट अपरेटर संघ कास्कीको साधारणसभा : कार्यस्थलमा सुरक्षाको माग

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भाद्र

हेभी इक्युपमेन्ट अपरेटरहरुले आफूहरुको चूनौतीपूर्ण पेशामा सरकारबाट सहयोग नपाएको गुनासो गरेका छन्।

दुर्घटनामा पर्दा अपरेटरहरुको छिटो उद्धार नभएको तथा कार्यस्थलमा घाइते तथा मृत्यु हुँदा समेत सरकारले नहेरेको दुःखेसो उनीहरुको छ। नेपाल हेभी इक्युपमेन्ट अपरेटर संघ कास्कीको आठौँ साधारणसभा तथा गण्डकी प्रदेश अपरेटर अन्तरक्रिया कार्यक्रममा उनीहरुले हेभी उपकरणहरु चलाउने चालक तथा सहचालकहरुको जीवनको सुरक्षा हुनुपर्ने उनीहरुको माग छ। देवेन्द्र चोखालले सडक, पुल तथा हाइड्रोपावरको काम गर्दा सामान्य सुरक्षाका सामग्री समेत नपाएको गुनासो गर्नुभयो। उहाँले अत्यन्त जोखिम मोलेर काम गर्नुपर्ने बाध्यता सुनाउनुभयो। “देशको विकासका लागि भनेर हामी ठूला इक्युपमेन्ट चलाउँदै आएका छौँ। तर कार्यस्थलमा हाम्रो जीवनको सुरक्षा छैन। अत्यन्त जोखिम मोलेर संवेदनशील ठाउँमा काम गर्नुपरेको छ।” गण्डकी प्रदेश अपरेटर संघका महासचिव समेत रहनुभएका चोखालले भन्नुभयो। अपरेटरहरु दुर्घटनामा पर्दा समयमै उद्धार समेत नहुने गरेको उहाँको भनाई छ। हेभी इक्युपमेन्ट अपरेटर संघ कास्कीका अध्यक्ष किशोरप्रसाद गौतमले आफ्नो पेशालाई इमानदारीका साथ कुशल ढंगबाट निर्माण कार्य तथा सामाजिक कार्य गर्दै आएपनि जीवनको कुनै सुरक्षा नभएको बताउनुभयो। उहाँले भन्नुभयो,“हामी अपरेटरहरु देशको विकासका मेरुदण्ड हौँ, विकास गर्नका लागि भीर, पहाडसँग सिँगौरी खेलेका छौँ। हामीलाई अप्ठ्यारो पर्दा सरकारबाट कहिल्यै सहयोग पाएनौँ।” गौतमले राज्यद्धारा कानुनमा समावेश गरिएको अनौपचारिक क्षेत्रका श्रमिकहरुका लागि सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा हेभी इक्युपमेन्ट चालकहरुलाई समेत समावेश गर्न माग गर्नुभयो। कार्यक्रममा संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) का अध्यक्ष जगत सिँखडाले अपरेटरहरु दुर्घटनामा पर्दा



हेलिकप्टरबाट उद्धारको प्रवन्ध सरकारले गर्नुपर्ने बताउनुभयो। उहाँलेअत्यन्तजोखिमरसंवेदशील पेशामा रहेका श्रमिक तथा मजदुरहरुको जीवनको सुरक्षा र परिवारको उचित प्रवन्ध हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

“अहिले गाउँ गाउँमा व्यक्ति व्यक्तिले डोजर र एक्साभेटर किनेका छन् तर त्यसका चालक तथा सहचालकको सुरक्षामा कोही पनि जिम्मेवार छैनन्। चालकले सुरक्षित महसुस गर्ने वातावरण बन्नुपर्छ।” अपरेटरहरुको हित र उनीहरुको व्यावसायिक सुरक्षाका लागि संयुक्त ट्रेड युनियन समन्वयले काम गर्ने सिँखडाले प्रतिवद्धता जनाउनुभयो। समाजवादी स्वतन्त्र ट्रेड युनियन महासंघ(एसआइटीयुसी)का अध्यक्ष नवराज दाहालले श्रमिकको मुद्धा र उनीहरुको उत्थानका लागि सबै एक ठाउँमा हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। नेपाल हेभी इक्युपमेन्ट राष्ट्रिय स्वतन्त्र अपरेटर संघका अध्यक्ष सन्तोष श्रेष्ठले हेभी गाडीको सवारी लाइसेन्स पाउन अत्यन्त झन्झटिलो रहेकाले सहजीकरणका लागि सरकारसँग माग गर्नुभयो। उहाँले अपरेटर हरुको हक हितका लागि सडक देखी सदनसम्म आवाज पुरयाउने बताउनुभयो। कार्यक्रममा समाजवादी स्वतन्त्र ट्रेड युनियनका प्रदेश संयोजक टिवी विश्वकर्मा(हिमाल), संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) गण्डकीका उपाध्यक्ष टंक पौडेल, सचिव गुणराज बास्तोला, एसआइटियुसी गण्डकी प्रदेशका संयोजक सुशिल कुमार वाग्ले,नेपाल हेभी इक्युपमेन्ट व्यवसायी संघ कास्कीका सचिव वामदेव पौडेल, कोषाध्यक्ष उमनाथ शर्मा, नेपाल ट्रेडर्सका सञ्चालक किशोर सुवेदी, नेपाल हेभी इक्युपमेन्ट अपरेटर संघ गण्डकीका अध्यक्ष प्रेमबहादुर थापामगर, सचिव अपरेटर संघ कास्कीका उपाध्यक्ष एवं कार्यक्रम संयोजक श्याम सुवेदी र सचिव कृष्णप्रसाद पौडेल, स्याङ्जाका अध्यक्ष दीपेन्द शर्मा, म्याग्दी अध्यक्ष देवबहादुर खड्का(कुशल), एमएमडब्लु पोखराका प्रमुख कृष्णप्रसाद तिवारी लगायतले व्यवसायी र श्रमिकहरु मिलेर काम गर्नुपर्नेमा जोड दिनुभएको थियो। साधारणसभाका अवसरमा ज्येष्ठ हेभी इक्युपमेन्ट चालकद्धय टंक लामिछाने र मंलगबहादुर लामिछानेलाई सम्मान गरिएको थियो। यसैगरी माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गर्ने अपरेटरहरुका छोराछोरीलाई नगद सहित सम्मान गरिएको थियो। साधारणसभाले अध्यक्ष किशोरप्रसाद गौतम,सचिव कृष्ण प्रसाद पौडेल र कोषाध्यक्ष अनन्तराज पौडेलले प्रस्तुत गर्नुभएको प्रतिवेदन पारित गरेको छ।

# एभरेस्ट महिला भलिबल लिग: घरेलु टोली पोखरा लुम्बिनीसँग पराजित

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भाद्र

पोखरामा जारी एभरेस्ट महिला भलिबल लिग (इडब्लुभी) मा लुम्बिनी लाभाजले पहिलो जित निकालेको छ।

पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्डहलमा आइतबार भएको दोस्रो खेलमा घरेलु टोली पोखरा निन्जाजलाई ३-२ को सेटले पराजित गर्दै लुम्बिनीले पहिलो जित दर्ता गरेको हो। पहिलो सेट १३-२५ ले गुमाएको पोखराले दोस्रो र तेस्रो सेटमा उत्कृष्ट पुनरागमन गर्दै खेलमा पकड जमाएको थियो। पोखराले दोस्रो सेट २५-२३ र तेस्रो सेट २५-१० ले आफ्नो पक्षमा पाऱ्यो, तर निकै प्रतिस्पर्धात्मक भएको चौथो सेटमा २८-२६ ले लुम्बिनीले जित निकाल्दा खेल पाँचौँ सेटमा धकेलिएको थियो।

पाँचौँ सेटमा सुरुआतबाटै अग्रता बढाउँदै लुम्बिनीले १५-१० को सहज जित दर्ता गऱ्यो। पहिलो जितसँगै लुम्बिनीले दुई अङ्क जोडेको छ। यसैगरी तीन खेल खेलेको पोखरा जितविहीन छ। पोखराले एक अङ्क जोडेको छ। लुम्बिनी पहिलो खेलमा कर्णाली यशविशसँग ३-१ को सेटमा पराजित भएको थियो। पोखराले भने लगातार तेस्रो हार बेहोरेको छ। पोखरा पहिलो खेलमा कर्णाली यशविश र दोस्रो खेलमा मधेस युनाइटेडसँग पराजित भएको थियो। यसअघि, आजै सम्पन्न पहिलो खेलमा काठमाडौँ स्पाइकर्सले मधेस युनाइटेडलाई ३-१ को सेटले पराजित गरेको थियो।

पहिलो सेट २६-२४ ले आफ्नो पक्षमा पारेको काठमाडौँले दोस्रो सेट २३-२५ ले मधेसलाई सुम्पिएको थियो। तेस्रो र चौथो सेटमा पुनरागमन गर्दै काठमाडौँले लिगमा पहिलो जित दर्ता गरेको हो। काठमाडौँले तेस्रो सेट २५-२३ र चौथो सेट २५-१९ ले जित्यो।

लिगको चौथो दिन सोमबार दुई खेल हुनेछन्। पहिलो खेल कर्णाली यशविश र काठमाडौँ स्पाइकर्सबीच हुनेछ। दोस्रो तथा अन्तिम खेल ललितपुर क्विन्स र लुम्बिनी लाभाजबीच हुनेछ। इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा जारी लिग २८ भदौसम्म सञ्चालन हुनेछ।


**पवित्र बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-९, पृथ्वीचोक, कुन्ती मल, फोन : ०६१-५७१०६३

**१४ औं साधारण सभा तथा पाँचौ अधिवेशन सम्बन्धि सूचना**

*प्रकाशित मिति: २०८२ भाद्र २३ गते*

यस पवित्र बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८२/४/१८ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार गठित निर्वाचन समितिको २०८२/०५/०६ गते बसेको बैठकको निर्णय अनुसार यस संस्थाको १४ औं साधारण सभा तथा ५ औं अधिवेशन निम्न मिति, समय र स्थानमा निम्नानुसारको समय तालिका रहने जानकारी गराउँदछौं।

**साधारण सभा हुने मिति, समय र स्थान:**
**मिति:** २०८२ असोज ६ गते, सोमबार
**स्थान:** साइमन पार्टी प्यालेस, सृजनाचोक

**निर्वाचन समय तालिका**

| क.सं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाता पहिलो नामावली प्रकाशन | २०८२/०६/०१ गते | कार्यालय, १०:००-५:०० वजेसम्म |
| २ | मतदाता नामावली उपर दावी विरोध | २०८२/०६/०२ गते | कार्यालय, १०:००-५:०० वजेसम्म |
| ३ | मतदाता अन्तिम नामावली प्रकाशन | २०८२/०६/०५ गते | कार्यालय, १०:००-५:०० वजेसम्म |
| ४ | उमेदवारको मनोनयन दर्ता | २०८२/०६/०६ गते | १०:०० वजे |
| ५ | उमेदवारको पहिलो नामावली प्रकाशन | २०८२/०६/०६ गते | १:०० वजे |
| ६ | उमेदवारको नामावली उपर दावी विरोध | २०८२/०६/०६ गते | १:००-१:३० वजे |
| ७ | दावी विरोध उपर छानविन | २०८२/०६/०६ गते | २:०० वजे |
| ८ | उमेदवारको अन्तिम नामावली प्रकाशन | २०८२/०६/०६ गते | २:१५ वजे |
| ९ | प्रचारप्रसार कार्यक्रम | २०८२/०६/०६ गते | २:१५-३:०० वजे |
| १० | मतदान प्रारम्भ | २०८२/०६/०६ गते | ३:१५-५:४५ वजे |
| ११ | मत गणना प्रारम्भ | २०८२/०६/०६ गते | |
| १२ | निर्वाचन परिणामको घोषणा | २०८२/०६/०६ गते | |
| १३ | सपथ ग्रहण | २०८२/०६/०६ गते | |
| १४ | पदस्थापन | २०८२/०६/०६ गते | |

**संयोजक** : श्री खड्ग बहादुर रानाभाट
**सदस्यहरु:** श्री श्रीबहादुर रानाभाट, श्री रमेश रानाभाट, श्री मिना कुमारी रानाभाट र क्या. हुम बहादुर रानाभाट

**निर्वाचन समिति**
**पवित्र बचत तथा ऋण सहकारी संस्था लि.**



# कर्जा भुक्तानी गर्ने बारे १५ दिने सूचना

**प्रकाशित मिति: २०८२/०५/२३**

यस सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिल

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| नाम थर : बत्ती वि.क.<br>ना.प्र.नं. : ४९७४२<br>स्थायी ठेगाना : आँधिखोला ३, स्याङ्जा<br>हालको ठेगाना : पोखरा १७, कास्की<br>पतिको नाम : भिम बहादुर वि.क.<br>ससुराको नाम : पूर्ण बहादुर वि.क.<br>बाबुको नाम : पतिराम वि.क. |  | जग्गा रहेको ठेगाना :<br>पोखरा ३१, कास्की<br>कि.नं.: ३५८३<br>क्षेत्रफल:<br>४९६/७३ वर्ग मिटर | नाम थर : भिम बहादुर विश्वकर्मा<br>ना.प्र.न : ९२१७<br>जारी मिति :२०३९/१२/०७ स्याङ्जा<br>बाबुको नाम : पूर्ण बहादुर वि.क.<br>बाजेको नाम : गोरे बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना : आँधिखोला ३, स्याङ्जा<br>हालको ठेगाना : पोखरा १७, कास्की<br>सम्पर्क न.: ९७०८११९९९८ |  |

**सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा ७, घारीपाटन, फोन नं.: ०६१-४५६७२२**


# टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, २२ भाद्र

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका-१ नाहालामा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ।

डुम्रेबाट दमौलीतर्फ आउँदै गरेको बा प्र ०६-००१प९२३३ नम्बरको मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको ग२ख१५६१ नम्बरको टिप्परले आज ठक्कर दिँदा मोटरसाइकल चालक कास्कीको रुपा गाउँपालिका-७ का ४५ वर्षीय धर्मराज सेनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। दुर्घटनामा घाइते सेनलाई प्रदेश अस्पताल दमौली लगिएकामा चिकित्सकले मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक आशिष विश्वकर्माले जानकारी दिनुभयो।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पोउवा संघमा कास्कीका प्रमुख कर अधिकृत ढुंगाना

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भाद्र

कर सहयोगीको भरमा नपर्नुस्, आफैं करबारे जानकारी राख्नुहोस् : प्रमुख कर अधिकृत ढुंगाना । पोखरा, २२ भदौ । आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिवप्रसाद ढुंगानाले आफ्नो हिसाब-किताबको जिम्मेवारी कर सहयोगीलाई सुम्पेर ढुक्क नबस्न उद्योगी/व्यवसायीलाई आग्रह गरेका छन् ।

करोडौं लगानी गर्ने उद्योगी/व्यवसायीहरुले आफूलाई आवश्यक पर्ने करसम्बन्धी जानकारी पढ्नुस्, 'उनले भने, 'कर सहयोगीलाई आफ्नो कर तिर्ने युजर नेम र पासवर्ड दिएर ढुक्क हुँदा तलमाथि परे मलाई थाहा छैन भनेर उम्कन पाइँदैन । हाम्रो कर प्रणाली भनेको आफैंले कर घोषणा गर्ने हो र तपाईंले गरेको घोषणा सच्याउन गाह्रो हुन्छ ।' प्रमुख कर अधिकृत ढुंगाना पोखरा उद्योग वाणिज्य संघले आइतबार उनकै सम्मानमा आयोजना गरेको स्वागत कार्यक्रममा बोल्दै थिए । अधिकांश उद्योगी/व्यवसायीहरुले करसम्बन्धी जानकारी नलिने गरेको उनको भनाइ थियो । आन्तरिक राजश्व कार्यालय कसैको उजुरीकोभरमाउद्योगी/व्यवसायीकहाँ अनुसन्धानको लागि भन्दै छापा हान्न नजाने जिकिर गर्दै उनले भने,'व्यापारमा प्रतिस्पर्धा हुन्छ, कसैको उजुरीको भरमा हामी कुँदी हाल्दैनौँ, अनुसन्धानपछिमात्र छापा हान्ने हो ।' उनले अहिलेको कर प्रणालीमा ७५ प्रतिशत काम घरमै बसेर गर्न सकिने पनि बताए । ' अहिले फेसलेस ( मान्छेबिना)को सेवा छ,हिजो कर कार्यालय जाँदा लुगलुग काप्ने,गाडी चढेर गएको छ भने परै छाडेर जाने चलन थियो,अहिले त्यस्तो छैन,'उनले थपे । आफू स्वच्छ काम गर्नका लागि गृह जिल्ला कास्कीको प्रमुख कर अधिकृतको रुपमा आएको बताउँदै उद्योगी/व्यवसायीहरुलाई सहजीकरण गर्नु आफ्नो पहिलो प्राथमिकता रहेको पनि उनको भनाइ थियो । कार्यक्रममा प्रमुख कर अधिकृतलाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमका अध्यक्ष गोकर्ण कार्कीले उद्योगी/व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गुर्नु संघको दायित्व भएको बताए । 'आन्तरिक राजश्व कार्यालय भनेको हामीले कर तिर्ने पहिलो ढोका हो, रक्तनली हो,हामी कर तिर्ने वातावरण निर्माणको लागि कर शिक्षालगायतका कार्यक्रम आयोजना गर्छौं,'उनले भने, 'कर प्रशासनले उद्योगी/व्यवसायीलाई सहजीकरण गरिदेओस्, भूलवशः भएका सानातिना कमजोरीमा आँखा नलगाओस् भन्ने हो।' पोखरा उद्योग वाणिज्य संघका महासचिव शोभा गौतमको संचालन रहेको सो कार्यक्रममा संघका कोषाध्यक्ष मनोजकुमार श्रेष्ठले धन्यवाद ज्ञापन गरेका थिए ।



पोखरा २६, बुढीबजार घर भएका ढुंगाना १७ वर्षे निजामती सेवाको क्रममा गृह जिल्लाकै आन्तरिक राजश्व कार्यालयको कमाण्ड सम्हाल्न आएका हुन् । कर प्रशासनमा प्रायः कुनै पनि व्यक्ति आफ्नै गृह जिल्लामा प्रमुख भएर जाँदैनन् । 'कर प्रशासनका व्यक्तिहरु आफ्नो गृह जिल्ला आउन खोज्दैनन् किनकि कहिलेकाहिँ कटु निर्णय पनि गर्नुपर्छ,'उनले भने,'म चाहिँ जोखिम मोलेर नै आएको हुँ,ठूलै कर छली हुँदा जिल्लावासी भएकैले कसैलाई छाड्न मिल्दैन, सहजीकरणमा चाहिँ म तयार छु ।'

# हाटबजार विस्तार गर्दै आँबुखैरेनी गाउँपालिका

**पोखरापत्र संवाददाता**
दमौली, २२ भाद्र

प्रत्येक शुक्रबार हाटबजार सञ्चालन हुँदै आएको तनहुँको आँबुखैरेनीमा अब सोमबार पनि हाटबजार लाग्ने भएको छ । आँबुखैरेनी गाउँपालिका-२ स्थित सिद्धी गणेश टोलको बसपार्क क्षेत्रमा यही भदौ ३० गतेदेखि प्रत्येक सोमबार हाटबजार सञ्चालन हुनेछ।

अहिले आँबुखैरेनी-३ स्थित गाउँपालिका कार्यालय नजिक प्रत्येक शुक्रबार हाटबजार सञ्चालन भइरहेको छ। गाउँपालिकाले कृषक र उपभोक्ताको मागलाई मध्यनजर गरी स्वदेशी उत्पादनलाई थप प्रवर्द्धन गर्न कृषिउपजको बजारीकरणका लागि हाटबजारको दायरा फराकिलो बनाउन लागेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हाटबजार स्थानीय कृषकले उत्पादन गरेका कृषिउपज सामग्री बिक्रीका लागि प्रभावकारी बनेको छ, एक ठाउँमा साताव्यापी रुपमा हाटबजार सञ्चालन भएकामा अब दुई ठाउँमा सञ्चालन हुँदा कृषक र उपभोक्तालाई थप सहज हुनेछ।"

गाउँपालिकाले हाल सञ्चालन गरेको हाटबजारमा स्थानीय उत्पादन खरिद बिक्रीका लागि प्रत्येक शुक्रबार बिहानैदेखि भीड लाग्ने गरेको छ । विसं २०८० फागुनदेखि सञ्चालित हाटबजारले कृषक र उपभोक्तालाई प्रत्यक्ष जोड्न सफल भएको छ । कृषकले आफूले उत्पादन गरेका सामग्री बजारीकरणका लागि हाटबजार प्रभावकारी बनेको छ।

हाटबजारले आँबुखैरेनीको मात्रै नभई आसपासका स्थानीय तहको पनि ध्यान खिचेको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । हाटबजारमा स्थानीय मह, गोलभैँडा, सिस्नु, गिट्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही, सिब्लिकानलगायत दैनिक उपभोग्य वस्तु बिक्रीवितरण गर्ने व्यवस्था मिलाइएको छ। हाटबजारमा स्थानीय उत्पादन बिक्रीवितरणको व्यवस्था मिलाएपछि उपभोक्तालाई सहज भएको केसीको भनाइ छ। कृषक विमला गुरुङले हाटबजार कृषिउपज वस्तु बजारीकरणका लागि सहयोगी बनेको बताउनुभयो। कृषक सुकमाया चेपाङले अन्य ठाउँमा गएर बिक्री गर्नुभन्दा हाटबजारमा ल्याएर बिक्री गर्दा एक रुपैयाँ भए पनि बढी मूल्य पाउने गरेको उल्लेख गर्नुभयो।

## सैदी पावर कम्पनी लिमिटेड

**कास्की जिल्ला पोखरा म.न.पा. वडा नं ५. मालेपाटन**

**सम्पर्क**: ९८४६५१७६६६,

**इमेल**: saidihydro@yahoo.com

**यस कम्पनीका सञ्चालक लगायत आधारभूत शेयरधनीहरूलाई हकप्रद शेयर वापतको रकम जम्मा गर्ने सम्बन्धी जरूरी सूचना**

यस श्री सैदी पावर कम्पनी लिमिटेड को मिति २०८२।०५।१८ गते सम्पन्न दोश्रो वार्षिक साधारण सभाको निर्णय अनुसार, कम्पनीको चुक्ता पूँजी रु.१५,३०,४३,९००/- को आधारमा साकिका शेयरधनीहरुलाई ३.२५९ कित्ता साधारण शेयर बराबर १ कित्ता नयाँ शेयर (३.२५९:१) को अनुपातमा, प्रति शेयर अंकित मूल्य रु.१००/-दरका ४,६९,५६१ (अक्षरुपी चार लाख उनान्सत्तरी हजार पाँच सय एकसष्ठी) कित्ता हकप्रद शेयर निषकासन गर्ने निर्णय भएको छ । तसर्थ, आफ्नो हक हिस्सामा पर्न आउने हकप्रद शेयरको रकम मिति २०८२।०५।२३ गतेका दिनदेखि मिति २०८२।०६।२७ गते भित्र निम्न खातामा जम्मा गर्नुहुन यस सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम** : सैदी पावर कम्पनी लिमिटेड
**खाता रहेको बैंक** : कुमारी बैंक लिमिटेड
**खाताको नाम** : चल्ती खाता
**खाता नम्वर** : ०४१०१०१९१८००००

# ४ सय जनाको सित्तैमा जाँच

**पोखरापत्र संवाददाता**
पोखरा, २२ भाद्र

युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)ले शनिबार पोखराका २ स्थानमा भएका शिविरमा करिब चार सय जनाको सित्तैमा रक्त परीक्षण गरेको छ । सहयात्री बचत तथा ऋण सहकारीको साधारणसभामा भएको शिविमार २ सय पाँच जनाको सित्तैमा मधुमेह र रगतमा हुने खराब बोसो (टिजी)सम्बन्धी जाँच गरिएको हो ।

यस्तै, नवीन बचत तथा ऋण सहकारीको १९ औं साधारणसभा आयोजित शिविरमा १ सय ८० जनाको सित्तैमा रक्त परीक्षण गरिएको छ। शिविरमा थाइराइड (टिएसएच) र क्रेटिनाइन (मिर्गौलासम्बन्धी रक्त जाँच) सित्तैमा गरिएको हो । १२ वर्षअघि पोखरामा स्थापना भएको युआरएल गण्डकी प्रदेशको एकमात्र आइएसओ प्रमाणित रेफरेन्स ल्याब हो । युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्थले १२ वर्षको अवधिमा युआरएल आफैं र विभिन्न संघ, संस्थासँग सहकार्य गरी २ सय ९ निशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको जानकारी दिनुभयो । यो अवधिमा साढे ३ लाख जनाले शिविरबाट निशुल्क रगत जाँच सुविधा लिएको उहाँको भनाइ।

## देखः हर्वल्स् प्रा. लि.

DEKHA Since 2003

**धापाखेल-२३, ललितपुर, बागमती प्रदेश, नेपाल**

**दर रेट प्रकाशित गरिएको बारे**

उपरोक्त सम्बन्धमा यस उद्योगद्वारा उत्पादित तपशिल बमोजिमका आयुर्वेद औषधिहरुको खुद्रा मूल्य सरकारी संस्था, गैर सरकारी संस्था, थोक बिक्रेता, खुद्रा बिक्रेता तथा उपभोक्ता लगायत सम्बन्धित सबैका जानकारीका लागि मिति २०८२।०५।२३ देखि लागू हुने गरी दररेट प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.स. | औषधिको नाम | प्याकिंग साइज | थोक मूल्य | खुद्रा मूल्य |
|---|---|---|---|---|
| १ | अविपत्तिकर चुर्ण | ५०० ग्राम | ६४६.४ | १०१० |
| | अविपत्तिकर चुर्ण | १०० ग्राम | १६० | २५० |
| | अविपत्तिकर चुर्ण | ५० ग्राम | ८६.४ | १३५ |
| २ | अविपत्तिकर चुर्ण (गुलियो रहित) | १०० ग्राम | २८१.६ | ४४० |
| ३ | अश्वगन्धा चुर्ण | ५०० ग्राम | १२१६ | १९०० |
| | अश्वगन्धा चुर्ण | १०० ग्राम | २७५.२ | ४३० |
| | अश्वगन्धा चुर्ण | ५० ग्राम | १४०.८ | २२० |
| ४ | बिल्वादि चुर्ण | ५०० ग्राम | ७८७.२ | १२३० |
| | बिल्वादि चुर्ण | १०० ग्राम | १८२.४ | २८५ |
| | बिल्वादि चुर्ण | ५० ग्राम | ८९.६ | १४० |
| ५ | हिंग्वाष्टक चुर्ण | ५०० ग्राम | १२८० | २००० |
| | हिंग्वाष्टक चुर्ण | १०० ग्राम | २८८ | ४५० |
| | हिंग्वाष्टक चुर्ण | ५० ग्राम | १६० | २५० |
| ६ | महासुर्दशन चुर्ण | ५०० ग्राम | १४४० | २२५० |
| | महासुर्दशन चुर्ण | १०० ग्राम | ३५२ | ५५० |
| | महासुर्दशन चुर्ण | ५० ग्राम | १७९.२ | २८० |
| ७ | निम्बादी चुर्ण | ५०० ग्राम | ९७९.२ | १५३० |
| | निम्बादी चुर्ण | १०० ग्राम | २१७.६ | ३४० |
| | निम्बादी चुर्ण | ५० ग्राम | ११५.२ | १८० |
| ८ | पुष्यानुग चुर्ण | ५०० ग्राम | ११०१ | १७२० |
| | पुष्यानुग चुर्ण | १०० ग्राम | २४३.२ | ३८० |
| | पुष्यानुग चुर्ण | ५० ग्राम | १२८ | २०० |
| ९ | सितोपलादि चुर्ण | ५०० ग्राम | ८०० | १२५० |
| | सितोपलादि चुर्ण | १०० ग्राम | १९२ | ३०० |
| | सितोपलादि चुर्ण | ५० ग्राम | १०८.८ | १७० |
| १० | त्रिफला चुर्ण | ५०० ग्राम | ३९६.८ | ६२० |
| | त्रिफला चुर्ण | २०० ग्राम | १९२ | ३०० |
| | त्रिफला चुर्ण | १०० ग्राम | १०२.४ | १६० |
| | त्रिफला चुर्ण | ५० ग्राम | ५४.४ | ८५ |
| ११ | गुडुची चुर्ण (गिलोय) | ५०० ग्राम | ५१८.४ | ८१० |
| | गुडुची चुर्ण | १०० ग्राम | ११५.२ | १८० |
| | गुडुची चुर्ण | ५० ग्राम | ६०.८ | ९५ |
| १२ | दशमूल चुर्ण | ५०० ग्राम | ७०७.२ | ११०५ |
| | दशमूल चुर्ण | १०० ग्राम | १६० | २५० |
| | दशमूल चुर्ण | ५० ग्राम | ८४.४८ | १३२ |
| १३ | अर्जुन छाल चुर्ण | ५०० ग्राम | ६०८ | ९५० |
| | अर्जुन छाल चुर्ण | १०० ग्राम | १५३.६ | २४० |
| | अर्जुन छाल चुर्ण | ५० ग्राम | ८९.६ | १४० |
| १४ | पञ्चसकार चुर्ण | ५०० ग्राम | ७३६ | ११५० |
| | पञ्चसकार चुर्ण | १०० ग्राम | १८५.६ | २९० |
| | पञ्चसकार चुर्ण | ५० ग्राम | १०२.४ | १६० |
| १५ | रोहितक्यादी चुर्ण | ५०० ग्राम | १५३६ | २४०० |
| | रोहितक्यादी चुर्ण | १०० ग्राम | ३२० | ५०० |
| | रोहितक्यादी चुर्ण | ५० ग्राम | १६६.४ | २६० |
| १६ | यष्ठीमधु चुर्ण | ५०० ग्राम | ८९६ | १४०० |
| | यष्ठीमधु चुर्ण | १०० ग्राम | २०४.८ | ३२० |
| | यष्ठीमधु चुर्ण | ५० ग्राम | १०८.८ | १७० |
| १७ | अमला चुर्ण | ५०० ग्राम | ६८८ | १०७५ |
| | अमला चुर्ण | १०० ग्राम | १४४ | २२५ |
| | अमला चुर्ण | ५० ग्राम | ७६.८ | १२० |
| १८ | चन्दनादी चुर्ण | ५०० ग्राम | ८६४ | १३५० |
| | चन्दनादी चुर्ण | १०० ग्राम | १९२ | ३०० |
| | चन्दनादी चुर्ण | ५० ग्राम | ९९.२ | १५५ |
| १९ | जामुन चुर्ण | ५०० ग्राम | ७५५.२ | ११८० |
| | जामुन चुर्ण | १०० ग्राम | १६३.२ | २५५ |
| | जामुन चुर्ण | ५० ग्राम | ८६.४ | १३५ |
| २० | ज्वानो चुर्ण | ५०० ग्राम | ८०० | १२५० |
| | ज्वानो चुर्ण | १०० ग्राम | १६६.४ | २६० |
| | ज्वानो चुर्ण | ५० ग्राम | ८९.६ | १४० |
| २१ | पुर्ननवा चुर्ण | ५०० ग्राम | ७५५.२ | ११८० |
| | पुर्ननवा चुर्ण | १०० ग्राम | १७९.२ | २८० |
| | पुर्ननवा चुर्ण | ५० ग्राम | ९६ | १५० |
| २२ | दशमूल क्वाथ | ५०० ग्राम | ७०७.२ | ११०५ |
| | दशमूल क्वाथ | १०० ग्राम | १६० | २५० |
| | दशमूल क्वाथ | ५० ग्राम | ८४.४८ | १३२ |
| २३ | सतावरी ग्रेन्युल्स् | ५०० ग्राम | ९२८ | १४५० |
| | सतावरी ग्रेन्युल्स् | १०० ग्राम | २०४.८ | ३२० |
| | सतावरी ग्रेन्युल्स् | ५० ग्राम | १०८.८ | १७० |
| २४ | सतावरी चुर्ण | ५०० ग्राम | १३७६ | २१५० |
| | सतावरी चुर्ण | १०० ग्राम | २८८ | ४५० |
| | सतावरी चुर्ण | ५० ग्राम | १४७.२ | २३० |
| २५ | त्रिकटु चुर्ण | ५०० ग्राम | १७४७ | २७३० |
| | त्रिकटु चुर्ण | १०० ग्राम | ३७७.६ | ५९० |
| | त्रिकटु चुर्ण | ५० ग्राम | १९५.२ | ३०५ |
| २६ | सर्पगन्धाघन वटि | १०० ग्राम | ६७२ | १०५० |
| | सर्पगन्धाघन वटि | ५० ग्राम | ४३५.२ | ६८० |
| | सर्पगन्धाघन वटि | २५ ग्राम | १७२.८ | २७० |
| | सर्पगन्धाघन वटि | १० ग्राम | ९६ | १५० |
| २७ | खदिरादि वटि | १०० ग्राम | ७६८ | १२०० |
| | खदिरादि वटि | ५० ग्राम | ३०७.२ | ४८० |
| | खदिरादि वटि | २५ ग्राम | १६० | २५० |
| | खदिरादि वटि | १० ग्राम | ८४.४८ | १३२ |
| २८ | महाशंख वटि | १०० ग्राम | ८३२ | १३०० |
| | महाशंख वटि | ५० ग्राम | ४०९.६ | ६४० |
| | महाशंख वटि | २५ ग्राम | २१७.६ | ३४० |
| | महाशंख वटि | १० ग्राम | १५८.७ | २४८ |
| २९ | चन्द्रप्रभा वटी | १०० ग्राम | ६७२ | १०५० |
| | चन्द्रप्रभा वटी | ५० ग्राम | ३५२ | ५५० |
| | चन्द्रप्रभा वटी | २५ ग्राम | १९२ | ३०० |
| | चन्द्रप्रभा वटी | १० ग्राम | १०२.४ | १६० |
| ३० | गन्धक रसायन | १०० ग्राम | १०२४ | १६०० |
| | गन्धक रसायन | ५० ग्राम | ४२२.४ | ६६० |
| | गन्धक रसायन | २५ ग्राम | २११.२ | ३३० |
| | गन्धक रसायन | १० ग्राम | ११९ | १८६ |
| ३१ | टंकर्ण भष्म | १०० ग्राम | ५४४ | ८५० |
| | टंकर्ण भष्म | ५० ग्राम | २७५.२ | ४३० |
| | टंकर्ण भष्म | २५ ग्राम | १८२.४ | २८५ |
| | टंकर्ण भष्म | १० ग्राम | ८३.२ | १३० |
| ३२ | अर्शकुठार रस | १०० ग्राम | ९२८ | १४५० |
| | अर्शकुठार रस | ५० ग्राम | ४८० | ७५० |
| | अर्शकुठार रस | २५ ग्राम | २५९.२ | ४०५ |
| | अर्शकुठार रस | २० ग्राम | २०८ | ३२५ |
| | अर्शकुठार रस | १० ग्राम | १०८.८ | १७० |
| ३३ | लक्ष्मीबिलास रस | १०० ग्राम | ११२० | १७५० |
| | लक्ष्मीबिलास रस | ५० ग्राम | ६४० | १००० |
| | लक्ष्मीबिलास रस | २५ ग्राम | ३२० | ५०० |
| | लक्ष्मीबिलास रस | १० ग्राम | १४७.२ | २३० |
| ३४ | महायोगराज गुग्गुल | ५०० ग्राम | ६४०० | १०००० |
| | महायोगराज गुग्गुल | १०० ग्राम | १४०८ | २२०० |
| | महायोगराज गुग्गुल | ५० ग्राम | ७६८ | १२०० |
| | महायोगराज गुग्गुल | २५ ग्राम | ३९३.६ | ६१५ |
| | महायोगराज गुग्गुल | १० ग्राम | २०४.८ | ३२० |
| ३५ | कैशोर गुग्गुल | ५०० ग्राम | २६२४ | ४१०० |
| | कैशोर गुग्गुल | १०० ग्राम | ६२७.२ | ९८० |
| | कैशोर गुग्गुल | ५० ग्राम | ३०७.२ | ४८० |
| | कैशोर गुग्गुल | २५ ग्राम | १७२.८ | २७० |
| | कैशोर गुग्गुल | १० ग्राम | ७०.४ | ११० |
| ३६ | काञ्चनार गुग्गुल | ५०० ग्राम | २६२४ | ४१०० |
| | काञ्चनार गुग्गुल | १०० ग्राम | ५४४ | ८५० |
| | काञ्चनार गुग्गुल | ५० ग्राम | ३०७.२ | ४८० |
| | काञ्चनार गुग्गुल | २५ ग्राम | १७२.८ | २७० |
| | काञ्चनार गुग्गुल | १० ग्राम | ७०.४ | ११० |
| ३७ | योगराज गुग्गुल | ५०० ग्राम | २६२४ | ४१०० |
| | योगराज गुग्गुल | १०० ग्राम | ५४४ | ८५० |
| | योगराज गुग्गुल | ५० ग्राम | ३०७.२ | ४८० |
| | योगराज गुग्गुल | २५ ग्राम | १७२.८ | २७० |
| | योगराज गुग्गुल | १० ग्राम | ७०.४ | ११० |
| ३८ | लाक्षा गुग्गुल | ५०० ग्राम | ३२६४ | ५१०० |
| | लाक्षा गुग्गुल | १०० ग्राम | ६७२ | १०५० |
| | लाक्षा गुग्गुल | ५० ग्राम | ३४२.४ | ५३५ |
| | लाक्षा गुग्गुल | २५ ग्राम | १७२.८ | २७० |
| | लाक्षा गुग्गुल | १० ग्राम | ७६.८ | १२० |
| ३९ | मृग मदासब | १०० मि.लि. | ३३२.८ | ५२० |
| | मृग मदासब | ६० मि.लि. | २०१.६ | ३१५ |
| | मृग मदासब | ३० मि.लि. | १०८.८ | १७० |
| | मृग मदासब | १५ मि.लि. | ७०.४ | ११० |
| ४० | बालामृत सिरप | १०० मि.लि. | १०८.८ | १७० |
| | बालामृत सिरप | ६० मि.लि. | ७६.८ | १२० |
| ४१ | षडविन्दु तेल | ३० मि.लि. | १९२ | ३०० |
| | षडविन्दु तेल | १५ मि.लि. | ९६ | १५० |
| ४२ | महानारायण तेल | १०० मि.लि. | २३६.८ | ३७० |
| | महानारायण तेल | ६० मि.लि. | १५०.४ | २३५ |
| | महानारायण तेल | ५० मि.लि. | १२८ | २०० |
| ४३ | जात्यादि तेल | १०० मि.लि. | २३०.४ | ३६० |
| | जात्यादि तेल | ६० मि.लि. | १६६.४ | २६० |
| | जात्यादि तेल | ५० मि.लि. | ११५.२ | १८० |
| ४४ | दशमूल तेल | १०० मि.लि. | २१७.६ | ३४० |
| | दशमूल तेल | ६० मि.लि. | १३४.४ | २१० |
| | दशमूल तेल | ५० मि.लि. | ११२ | १७५ |
| ४५ | शिलाजित | ५० ग्राम | ६०८ | ९५० |
| | शिलाजित | २५ ग्राम | ३०४ | ४७५ |